दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३०९ | बुटवल | २०८१ मंसिर ०१, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Nov.16, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## मोहनको लोभलाग्दो सैलुन क्रान्ति :

# अढाई करोड लगानी, पाँच आउटलेट र एकेडेमीसहित चेन बिजनेस

नेपालमा भविष्य छैन भन्दै शिक्षित युवाले विदेश नै ताक्ने प्रवृत्तिका माझ स्नातक गरेका मोहनले भने स्वदेशमै परम्परागत हजाम पेशालाई आधुनिक तरिकाले व्यवसायिक सैलुनमा बदलेर स्वदेशमै केही नयाँ गर्न सकिन्छ भन्ने प्रमाणित गरेका छन् । सैलुनका ५ वटा शाखा र तालिम दिने एकेडेमीमा गरी समृद्धिमा ५० जनाभन्दा बढी युवा युवतीले रोजगारी पाएका छन् ।

**टिआर शर्मा**

*बुटवल*

रुपन्देहीको देवदहमा निम्न वर्गीय परिवारमा जन्मिएका मोहन ठाकुर (३६) को पुर्ख्यौली पेशा 'बालीघरे हजाम' हो । अर्थात् मोहनका हजुरबा गोली ठाकुर र बुबा रामविनोद गाउँमा स्थानीयको घर-घर पुगेर दाह्री र कपाल काटिदिने र वर्षभरिको ज्यालाबापत एकमुष्ट अन्नबाली लिएर परिवारको गुजारा गर्थे ।

मोहन पनि सानैदेखि बुबा रामविनोदसँग घर-घरमा पुगेर स्थानीयको दाह्री, कपाल काट्ने काम गरेर बुबालाई सघाउँथे । पछि देवदहको शितलनगरचोकमा मोहनका बुबाले पहिलोपटक टंकी (काठको सानो घर) मा पसल खोले । त्यहाँ पनि मोहनले बुबासँगै ग्राहकको दाह्री,कपाल काट्न थाले । यो क्रम मोहनले १२ कक्षा उत्तिर्ण गर्दासम्म चल्यो । दिउँसो बुटवलको अक्सफोर्ड कलेजमा पढ्न जाने मोहनले बिहान र साँझ टंकीमै बसेर काम गर्थे । बुबा रामविनोदले मोहनलाई आफू हजाम पेशा गर्दा हेपिनुपरेको र गुजाराभन्दा बढी कमाई नहुने भएकाले अरु नै पेशा वा सरकारी जागिर खानुपर्छ, हजाम पेशाबाट भविष्य छैन, गर्न हुन्न भनेर बारम्बार सम्झाउँथे ।



मोहन बुटवल बहुमुखी क्याम्पसमा मानविकी संकायमा स्नातक तह पढ्न थाले । पढाइसँगै उनले एउटा गैर सरकारी संस्थामा स्वास्थ्यसम्बन्धी परियोजना सहायक भएर काम गर्न थाले । बीए पास गरेपछि मोहनले अर्को अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा झण्डै २ वर्षभन्दा बढी काम गरे । उनले काम गरेका संस्थाको कार्यक्रम सीपलाई रोजगारसँग जोड्ने खालका थिए । काम गर्दै जाँदा मोहनले परम्परागत सीपलाई रुपान्तरण गरेर नयाँपनका साथ फरकढंगले काम गरेमा सफल हुन सकिने आत्मविश्वास र अनुभव संगाले ।

जागिरका क्रममा मोहनको मनमा एउटा प्रश्न सधैँ खड्किरह्यो-'बुबाले हजाम पेशा गरेरै आफूलाई बीएसम्म पढाउनुभयो, राम्रै जागिर खानेसम्म बनाउनुभयो भने बुबाले गर्दै आएको पुर्ख्यौली पेशालाई अपग्रेड गरेर आधुनिक किन नबनाउने ?' किनकी मोहनले विदेशमा सैलुन व्यवसायबाट धेरै राम्रो आम्दानी हुने जानकारी राखेका थिए । विदेशमा हुन्छ भने नेपालमा किन नहुने भन्ने निचोडमा मोहन पुगे र अधिकृतस्तरको जागिर छाडे ।

सैलुन व्यवसाय गर्ने निर्णय गरी जागिर छाडेको कुरा घरमा जानकारी गराएपछि बुबा रामविनोदलगायत परिवारका सबैजसो मोहनसँग रुष्ट भए । केही समय बोलचाल नै बन्द भयो । 'कपाल काट्ने काम नै गर्नु नै थियो भने किन बीएसम्म पढेको ? कसले यसरी मति भ्रष्ट बनायो भन्दै बुबा बेस्सरी रिसाउनुभयो,' मोहनले विगत सम्झिँदै भने-'व्यवसाय सुरु गर्न बुबाको नाममा रहेको जग्गा धितो राखेर बैंकबाट कर्जा लिनुपर्ला भन्ने सोंचेको थिएं, त्यो पनि दिनुभएन, घरबाट केही सहयोग भएन ।'

मोहन भने बुटवलको राम्रो ठाउँमा अरुको भन्दा फरक र स्तरीय सैलुन खोलेरै छाड्ने तयारीमै रहे । आधुनिक सैलुनका लागि गुगल सर्च गर्नेदेखि काठमाडौं, दिल्लीहुँदै बैंककसम्म पुगेर हेयर स्टाइलका विभिन्न एड्भान्स कोर्स गरेर आफैँ पूर्ण दक्ष बने ।

घरबाट पैसा र साथ नपाए पनि साथीभाइसँग सापट मागेर २०७३ सालमा बुटवल अमरपथको सिंह कम्प्लेक्समा ३६५ वर्गफुट क्षेत्रफल भाडामा लिएर १० लाख लगानीमा सैलुन सञ्चालन गरे । मोहनले त्यो बेलाको चर्चित ब्राण्ड नील डेभिडको फ्रेन्चाइजी लिएर २ जना कर्मचारी र आफू समेत तीन जनाले युनिसेक्स सैलुन चलाए । त्यो बेला बुटवल र आसपासका क्षेत्रमा वातानुकूलित (एसी) कोठामा आधुनिक र सुविधासम्पन्न अनि एकैथलोमा पुरुष र महिलाको कपाल काट्ने सैलुन खुलेका थिएनन् ।

सानो टिनको बाकसमा कैंची र ब्लेड बोकेर ढुंगा वा काठको मुढामा बसेर दाह्री कपाल काट्ने गरेका हजुरबा र बुबाको पुस्ताबाट मोहनले पेशा परिमार्जित र व्यावसायिक बनाउँदै सैलुन सुरु गरेपछि एकाएक चर्चामा आयो । नयाँ पुस्ताले नयाँपन खोज्दै जाँदा सैलुनलाई मोहनले सुविधासम्पन्न बनाए । यद्यपि धेरैले दर रेट पनि महँगो, घर भाडा पनि महँगो भएकाले चलाउन सक्दैन र छिटै बन्द हुन्छ पनि नभनेका होइनन् । बुटवलमा अरु सामान्य सैलुनमा कपाल काटेको एक सय पचास रुपैयाँ दर हुँदा मोहनको सैलुनले न्यूनतम ३ सय रुपैयाँ अर्थात् दोब्बर बढी दर रेट राखेको थियो ।

तर गुणस्तरीय सेवा, ग्राहकको सन्तुष्टीलाई उच्च प्राथमिकता दिएर फरकपन दिएकाले ग्राहकले महँगो मानेनन् । सैलुनमा ग्राहकको आकर्षण बढ्दै गयो । युवा पुस्ताले गुणस्तर र नयाँपन खोज्ने भएकाले आफूले त्यो चाहना पूरा गरिदिएको उनी बताउँछन् । 'वातानुकुलित कोठामा आरामदायी कुर्सीमा बसेर कपाल काट्न पाइने, व्यक्तित्व सुहाउँदो हेयर स्टाइलको परामर्श, औजारहरुको निर्मलीकरण, कपाल काटेपछि टाउको नुहाउन मिल्ने ठाउँको व्यवस्था, सरसफाइ, हाइजिन जस्ता सुविधाले गर्दा सुरुको दिनदेखि नै पछाडि फर्केर हेर्नुपरेन,' मोहनले भने-'६ महिनापछि महिलाको हेयर ट्रिटमेन्ट, कलरिङ, स्ट्रेटनिङ, फेसियल जस्ता सुविधा थपेपछि सैलुनप्रति बुटवल बाहिरबाट पनि ग्राहक थपिंदै गए ।'

अन्य सैलुनमा कपाल काट्न गएपछि नुहाउने व्यवस्थाको अभावमा घर फर्केर नुहाएर मात्र अफिस वा आफ्नो काममा जानुपर्ने बाध्यता भएका बेला मोहनको सैलुनमा भने कपाल काटेपछि टाउको नुहाउन स्तरीय साबुन र सफा टावेलसहितको व्यवस्था भएपछि व्यस्त र कामकाजी मान्छेहरु सैलुनबाट सिधैँ काममा जान मिल्ने भएकाले पनि ग्राहकको रोजाई बन्न थालेको मोहनले बताए ।

» बाँकी ३ पेजमा

## रविलाई पोखरा पुऱ्याइयो



बुटवल । बुटवलको सुप्रिम सहकारीको रकम ठगी अभियोगमा अनुसन्धानमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई भैरहवाबाट पोखरा पुराइएको छ । बयानका लागि गत मंगलबार कास्कीबाट जहाजबाट भैरहवा ल्याइएका सभापति लामिछानेको बयान तीन दिनमा बिहीबार साँझ अबेर सकिएको थियो ।

लामिछानेलाई शुक्रबार बिहानै ७ बजेर ४५ मिनेटको बुद्ध यएरको विमानबाट कास्की लगिने तयारी भए पनि मौसम खराबीले एयरपोर्ट नखुलेका कारण यति एअरलाइन्सको विमानबाट साढे एक बजे पोखरा पठाइएको थियो ।

सहकारीको रकम ठगी प्रकरणमा लामिछानेसँग ३ दिनमा साढे २३ घण्टा लगाएर बयान लिइएको थियो । बयानका क्रममा लामिछानेले आफू सुप्रिम सहकारी संस्थाको सदस्य नै नभएको भन्दै बचत अपचलनमा संलग्न रहेको इन्कारी बयान गरेको स्रोतले बताएको छ ।

इलाका प्रहरी कार्यालय बुटवलमार्फत् अभियोजन गरिएको मुद्दा सरकारी वकिल कार्यालयले बयानपश्चात् अदालतमा पेस गर्नेछ ।

सुप्रिमबाट लामिछानेले २ करोड र जीबी राई सम्बद्धहरूको नामबाट १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत् गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबीन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ । यसमध्ये सुप्रिमको करिब एक अर्ब ऋण प्रवाहमध्ये जीबी राई जोडिएका संस्था, कम्पनी र व्यक्तिको मात्रै ७० प्रतिशत बढी अर्थात् ७० करोड रुपैयाँ रकम नै हिनामिना भएको संसदीय प्रतिवेदनमा उल्लेख छ ।

## एमालेले मंसिर ७ गते काठमाडौंमा सभा गर्दै

बुटवल । सत्तारुढ दल नेकपा एमालेले आगामी मंसिर ७ गते काठमाडौँमा जागरणसभा गर्दैछ । एमालेको उपत्यका मातहत कमिटी, जनसंगठन र विभागीय प्रमुखको संयुक्त विस्तारित बैठकले जागरणसभा गर्ने निर्णय लिएको हो ।

नेकपा (एमाले) र यसको नेतृत्वका विरुद्धमा अनेकखाले अनर्गल, भ्रमपूर्ण, प्रायोजित समाचारहरू सम्पेषण गरी पार्टी, यसको नेतृत्व र नीतिमाथि चौतर्फी हमला गर्ने प्रयास भइरहेको भन्दै त्यसलाई चिर्नका लागि सभा आयोजना गरिएको एमालेले जनाएको छ ।

एमाले बागमती प्रदेश इञ्चार्ज डा. राजन भट्टराईले जारी गरेको विज्ञप्तिमा विभिन्न ५ बुँदामा सभाको औचित्य उल्लेख गरिएको छ । यसअघि दुर्गा प्रसाईले समेत मंसिर ७ गते काठमाडौंमै सभा गर्ने घोषणा गरेका थिए ।

# भैरहवामा थारू कल्याणकारिणी सभाको राष्ट्रिय महाधिवेशन आजदेखि



**मोहम्मद हबिब**

*भैरहवा*

थारु कल्याणकारिणी सभा (था.क.स.) को २३औं राष्ट्रिय महाधिवेशन आज शनिबारदेखि रुपन्देहीको भैरहवामा हुँदैछ ।

'थारुहरुको चाहना, न्याय, पहिचान, अधिकार र पूर्ण समानुपातिक समावेशीसहितको संघीय राज्य व्यवस्था' भन्ने मूल नाराका साथ देशभरका थारु अगुवाहरुको सहभागितामा हुन गइरहेको सभाको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

पुरानो सामाजिक संस्थाको रुपमा रहेको यो संस्थाले थारुहरुको हकहित, पहिचान, सहभागिता, अन्यायविरुद्ध आवाज उठाउँदै आएको छ । मंसिर ३ गतेसम्म भैरहवास्थित पटवा बैंक्वेटमा हुने महाधिवेशनमा थारुहरुको हक अधिकारका विषयमा संवैधानिक व्यवस्थामै केन्द्रित रहेर छलफल हुन लागेको थारु थारु कल्याणकारिणीसभाले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

'प्रतिष्ठित थारु नेता अगुवाहरुको उपस्थितिमा सभा हुन लागेको छ । सभाले केन्द्रीय कमिटी गठनसहित घोसणा पत्र समेत सार्वजनिक गर्नेछ'-लुम्बिनी प्रदेशसभा सदस्य तथा थारु कल्याणकारिणीको कार्यवाहक अध्यक्ष देवी चौधरीले भने-'थारुहरुको संविधानप्रति आंशिक रुपले मात्रै सहमति भएकोले अझैँ पनि संविधानमा थारुहरुको हकहितको धेरै कुरा समावेश गर्नुपर्ने थारु कल्याणकारिणीको मुख्य माग छ, अहिलेको संविधानमा हाम्रा केही बिमति छन्, सरकारले थारुहरुको माग पूरा गरेको छैन । माग पूरा गराउन सरकारलाई दबाब दिन्छौं ।'

सभाका महामन्त्री प्रेमलाल चौधरीले संविधान वमोजिमको सुविधा थारुले अझैँ नपाएकाले सरकारविरुद्ध ५४ वटा रिट दायर भएर फैसला पनि भएको बताए । ऐन बनाई क्षतिपूर्तिको फैसला समेत भएको १६ महिना बित्दा पनि कार्यान्वयन नभएकाले थारुहरुको अधिकारका लागि महाधिवेशनले ठूलो महत्व राख्ने महामन्त्री चौधरीले औंल्याए ।

'बन्द सत्रमा राष्ट्रिय महाधिवेशनमा सभाको केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु एवं थरुहट तराईको पश्चिम जिल्ला कञ्चनपुरदेखि पूर्व झापा, कास्की, काठमाडौं, उपत्यकासहित २६ जिल्ला र प्रवास (विदेश) शाखा जापान, अस्ट्रेलिया, दक्षिण कोरिया, दुबई, कतार, मलेसिया (६ शाखा), सभाको भातृ संस्था थारु कानून व्यवसायी सभा, महिला सभा, युवा सभा र विद्यार्थी सभा गरी ४ संस्थाबाट करिब ३ सय जना केन्द्रीय प्रतिनिधि/पार्षद्हरुको सहभागिता रहने चौधरीले जानकारी दिए ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८१ मंसिर ०१, गते शनिबार
तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

व्यवहार भन्नू  नखारिएका खार्नु पनि त हो
चिरेर प्रतिकूल समय बाँच्ने पार्नु पनि त हो
सामुन्ने जे छ त्यो मात्रै सत्य ठान्ने भुल नगर्नू
आँधी चल्नु भनेको फोहर बढार्नु पनि त हो

– रुद्र ज्ञवाली

# रिमाको कला, रङ र क्यान्भास

**खोमा तरामु मगर**

कला भनेको अभिव्यक्तिको माध्यम हो । सङ्गीत, साहित्य र चित्रकला यस्तै अभिव्यक्तिका माध्यम हुन् । समाजको सभ्यता बुझ्न कलाको इतिहास बुझ्नुपर्छ । कलाप्रतिको रुचि र व्यवहारबाट मान्छेको जीवनदर्शन बुझ्न सकिन्छ। रसियन कला चिन्तक अभ्नेर जीसले कलाले मानिसको सौन्दर्यसम्बन्धी धारणा निर्माण गर्न निर्णायक भूमिका खेल्ने बताएका छन् ।

सामुन्द्रिक सतहदेखि दुईहजार मिटर उचाईमा रहेको गुल्मीको सुन्दर पर्यटकीय क्षेत्र सत्यवतीमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय गरी दुईदर्जन कलाकारहरूले लालीगुराँसका मुढाहरूमा कलात्मक मूर्तिका आकृति र चित्रहरूमा रङ भरे । पूर्वतिर नजिकै आँखामा धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मानापाथी हिमालका सुन्दर दृश्यहरू, उत्तरतिर थाप्ले लेक, पश्चिमतिर रेसुङ्गा डाँडा र दक्षिणतिर हचिङ्कोटमा रहेको पुरातात्विक दरवारको अवशेष र पाल्पाको श्रीनगर डाँडाको दृश्यावलोकन गर्दै, स्थानीय रैथाने मगर संस्कृति, बाजा र अर्गानिक खानपिनमा झुम्मिदै सत्यवतीमा बसेर कलाकारहरूले आ-आफ्नो सिर्जनाहरू प्रस्तुत गरे । कार्यशालाको अवसरमा सत्यवतीको प्राकृतिक सौन्दर्य, धार्मिक किम्बदन्ती र सांस्कृतिक ऐतिहासिकतालाई साहित्यकारहरूले समेत कविता, गीत, गजल र मुक्तकहरूमा उने ।





ती कलाकारहरू मध्ये थिइन्-रिमा मिधुन । उनी ललितकलाका विद्यार्थी हुन् । उनी झोलामा रङ, कुची र क्यानभास बोकेर ठूलो लुम्पेकको सत्यवतीमा आइपुगिन् । रिमाले सत्यवतीको किम्बन्दती वा पौराणिक इतिहासमाथि कुची चलाइन् र रङहरूमा घोलेर सचित्र क्यानभासमा उतारिन् । सत्यवती बज्यैको अलौकिक कथालाई बिम्ब बनाएर 'नारीशक्ति'लाई चित्रण गरिन् । प्रकृति र नारीबीचको अन्तरसम्बन्धलाई जोडिन् । पूर्वीय चिन्तनमा सत्यदेवी एउटा मिथक हो । हिन्दु धर्मालम्बीहरूको आस्थाको प्रतीक हो । मिथकहरूबारे विभिन्न धारणाहरू छन् । जर्मन शून्यवादी दार्शनिक नित्सेले यसलाई विगतका असीम सम्झनाहरू भनेका छन् । सिग्मन फ्रायडले अचेतनमा पुग्ने राजमार्ग नै मिथक हो भनेका छन् । मिथक कल्पनाकै उपज हो । रिमाले मिथकको कथात्मक बिम्बमार्फत् सत्यदेवीका स्वैरकल्पनाहरूलाई रङहरूमा सम्मिश्रण गरिन् । आदिबासीहरूको सांस्कृतिक पक्षलाई समेत उजागार गर्ने कोशिस गरिन् ।

ललितकला क्याम्पस 'ब्याचलर इन फाइन आर्टस्' तेस्रो बर्ष पढ्दै गरेकी रिमाको पुर्ख्यौली घर ठूलो लुम्पेक रहुँता हो । बुवा इन्द्रबहादुर मिधुन र आमा पार्वती मिधुनकी छोरी रिमाको परिवार अहिले नवलपुरको कावासोतीमा बसोबास गर्दै आए पनि उनले काठमाडौंस्थित विजेश्वरी ज्ञानमन्दिर सैनिक महाविद्यालयमा नर्सरीदेखि १२ कक्षासम्म अध्ययन गरेकी थिइन् । उनको बुवा इन्द्रबहादुर नेपाली सेना भएकोले रिमाले सैनिक स्कूलमा पढ्ने अवसर पाएकी थिइन् ।





ललितकला क्याम्पसमा म्युजिक र आर्टस पढेकी रिमा थुप्रै म्युजिक भिडियोमा अभिनय समेत गरिसकेकी छन् । उनले 'सपनाका आवाज', 'राजकुमार', 'अलपत्र', 'ड्रिमलिङ्क'लगायत आदि म्युजिक भिडियोमा अभिनय गरिसकेकी छन् । शतिस प्रसाइले डिरेक्सन गरेको 'बकम्फुसे अभिभावक' नाटकको थिएटरमा अभिनय समेत गरेकी थिइन् । उनले अभिनय गरेको 'सपनाका आवाज' म्युजिक भिडियोले ९ वटाभन्दा बढी अवार्ड प्राप्त गरिसकेको छ । उक्त म्युजिक भिडियो अष्ट्रेलियन नागरिक कलानी गाकोनले गरेका छन् । रिमा भन्छिन्-'म्युजिक र आर्टस् एकअर्कामा रिलेटेड छ ।' उनी पेन्टिङलाई नै जीवनको करिअर बनाउने सोँचमा छिन् । गुल्मीको सत्यवती गाउँपालिका वडा नं. ३ मा रहेको सत्यवती पर्यटन क्षेत्रमा कार्तिक १ देखि १० गतेसम्म चलेको लाली गुराँसको मूर्तिकला तथा चित्रकला कार्यशालामा सहभागी हुन गाउँ आएकी रिमाले भनिन्, 'आफुले पढेको पेन्टिङ कलाको महत्त्व आफ्नो गाउँले बुझेकोमा म निकै खुशी छु ।'

उनले कार्यशालामा हिन्दु धर्मालम्बीहरूले शक्तिपीठका रुपमा मान्दै आएको सत्यवती बज्यैको चित्रलाई रङको माध्यमबाट क्यान्भासमा उतारिन् । उनको चित्रमा रङको मीठो सौन्दर्य र साधना छ ।

क्यान्भासमा रङ र रेखाको सुन्दर संयोजन छ । शैली, भावना र विषयवस्तुको अन्तरसम्बन्ध छ । पेन्टिङप्रति नै रुचि कसरी बढ्यो भन्ने जिज्ञासामा रिमा भन्छिन्, 'मनको भावना पस्किन पेन्टिङलाई रोजेँ ।' उनले पेन्टिङ कलाले मेडिटेसनको आनन्द दिने समेत बताईन् । चित्रकला आफैमा ध्वनि र भाषा हो । लिपिको विकास हुनु अगाडि भाषाको माध्यम चित्र थियो । अमेरिकी फोटोग्राफर रेनियर रकवेलको लोकप्रिय भनाइ छ-'तस्वीर आफैँ बोल्छ !' चित्रकार रिमा चित्रकलामार्फत् आफ्नो ज्ञान, अनुभव, अनुभूति र विषयगत सन्देश दिन चाहन्छिन् ।

चित्रकार रिमाले आफु कलातिर प्रेरित हुनुको अर्को कारण अग्रजहरू भएको बताईन् । उनले भनिन्,'अग्रज कलाकारहरू भुवन थापा, यमबहादुर थापा, बेनु थापा, सुमित्रा राना, शान्ता राहादीलगायत गाउँका अग्रजहरू कला क्षेत्रमा रहेकोले म पनि यस क्षेत्रमा आउन प्रेरित भएँ ।' तीनदशक भन्दा बढी समयदेखि कलाक्षेत्रमा सक्रिय काठमाडौं विश्वविद्यालयका सहायक प्राध्यापक एवं वरिष्ठ मूर्तिकार भुवन थापा 'बहुवि'ले कला भनेको विचार, भावना र कौशलताको संयोजन भएको बताउदै क्लासिकल ज्ञानले मात्रै अमूर्त कला सिर्जना हुने बताए । उनले भने-'कला यथार्थदेखि अमूर्तसम्म हुन्छ तर प्रस्तुति शैलीहरू परिस्थितिले निर्धारण गर्छ ।' सत्यवतीमा आदिबासी र संस्कृतिमा केन्द्रीत कार्यशालाको विषयवस्तुबारे बहुविले भने,'नयाँ पुस्तालाई सबै पुराना ज्ञान नहुन सक्छ, तर एउटा कलाकारलाई आफ्नो कलाबारे आधारभूत ज्ञान हुनुपर्छ ।'

ललितकला क्याम्पसका सहप्राध्यापक एवं वरिष्ठ मूर्तिकार नरेन्द्र भण्डारीले रिमाका सिर्जनाहरू सामाजिक विषयवस्तुमा केन्द्रित रहेको बताए । भण्डारीले भने-'कलाको उद्देश्य सामाजिक हुनुपर्छ । रिमाका हरेक सिर्जनाहरू सामाजिक विषयवस्तुमा केन्द्रित छन् । उनको सिर्जनाको यो महत्वपूर्ण पक्ष हो ।' जर्मन दार्शनिक इमानुअल कान्टले 'कला कलाका लागि' भनेका थिए । तर साँचो अर्थमा कला आफ्नै मन बहलाउन वा 'स्वान्त सुखाय'का लागि मात्रै हुनुहुँदैन । कलाको उद्देश्य सौन्दर्यको सम्प्रेषण र मनोरञ्जनको साधन मात्रै हुनुहुँदैन, सामाजिक उद्देश्यमा केन्द्रित हुनुपर्छ । मार्क्सवादी विद्धान एवं चिन्तक क्रिष्टोफर कड्वेल भन्छन्-'विज्ञानले संसारलाई बदल्छ, कलाले मनुष्यलाई बदल्छ ।'

रिमा आफ्नो मन बहलाउन मात्रै चित्र कोर्दैनन् । उनी रियालिस्टिक चित्र बनाउँछन् र सामाजिक विषयवस्तुमार्फत् नयाँ सन्देश दिन खोज्छिन् । यसबारे पुष्पलालको महत्वपूर्ण भनाइ छ-'कला कलाकै लागि यो त ज्यादै आश्चर्यलाग्दो कुरा हो । त्यसो त कला र मानिसका बीच कुनै सम्बन्ध भएन । मूर्ति मूर्तिकै लागि हुने भयो, त्यसलाई सबैले देख्ने ठाउँमा राख्नु परेन । नाटक नाटककै लागि भयो, दर्शकका लागि होइन । किताब किताबकै लागि, विद्यार्थीका लागि होइन । यो त असाध्यै गलत कुरा हो ।'

रिमाको कलाकारिताबारे चित्रकार सुमित्रा राना सुत्पराई भन्छिन्-'उनी असाध्यै मेहनती, इमान्दार र विषयकेन्द्रित छिन् । कार्यशालामा उनको प्रस्तुति यसको सूचक हो ।' उनी भन्छिन्-'हरेक मान्छेभित्र कुनै न कुनै कला हुन्छ, चित्रकारले रङमार्फत् आफ्नो विचार व्यक्त गर्छ ।' कोभिडको बेला सम्भावित जोखिमबाट बच्न गरिएको लकडाउन र एकान्तबासले नयाँ पुस्तालाई चित्रकलातर्फ केन्द्रित गरेको बताइन् ।

सत्यवतीमा कलाकारहरूले सिर्जना गरेका लाली गुराँसका मूर्ति तथा चित्रहरू अमूर्त र यथार्थवादी दुवै किसिमका छन् । दर्शकहरूले रुचि अनुसार मूर्ति र चित्रहरूको अवलोकन र अध्ययन गर्न सकिन्छ । महान कलाकार एगर डेगसको शब्दमा कला बुझ्नलाई आफूलाई समाहित गरेर बुझ्नुपर्दछ । रिमाको प्रचुर इच्छाशक्ति, दृढसङ्कल्प र अविराम मेहनतले कलाकारितालाई अझ माझ्दै लैजाने छ ।

## कविता

### एलवम

**गिरि श्रीस मगर**

नदीको मूलजस्तै संवेदना छ
पहाडको शिरजस्तै जस्तै अहंकार छ
तृष्णा छ, इर्ष्या छ
अनन्त अनुराग र ईच्छाहरू छन्
फूलजस्तै माया र काँडाजस्तै घृणा छ
दासताजस्तै दुःख
र त्यसलाई झ्याक्ने अठोट छ

विराट् विषादमा उभिएर पनि
कहाँ रित्तिएको छु र म ?
जिद्दी नै गर्छुः
धेरै थोक छन् मेरो हृदयमा अझैँ पनि

प्रिय साथीहरू !
हुन त होलान्
तपाईंहरूका हृदयमा पनि धेरै थोक

सिंहासन चढेपछि
तपाईंहरूको हृदयमा कति कति थोक बसिरहेछन्
को को बसिरहेछन्
देखिरहेछ दुनिया...

सत्ता जितेका तपाईहरू जितुवा
देश हारेको म हरूवा

तर जिद्दीका साथ भन्छु
धेरै थोक छ मेरो हृदयमा अझैँ,
जिद्दीका साथ
कि मेरो हृदयमा
तपाईंहरूको हृदयमा भन्दा
एक थोक चाहिँ खास छ

एउटा चित्राधार...

चित्राधार,
त्यो सपनाको तस्विरको
जुन सपना हामीले सँगसँगै देखेका थियौं
स्वतन्त्रताको अमिट सपना

प्रिय साथीहरू !
सम्झना छ त्यो सपनाको ?
बाफ रे !
त्यसको त्यो भव्य आकारप्रकार
त्यो सुन्दर रूपरङ्ग
ती चम्किला आँखाहरू...
मेरा सम्मोहित आँखाहरूले त
उतिबेलै खिचेका थिए
स्वतन्त्रताको सपनाका तस्विरहरू
अझैँ पनि सजाइरहेछु म
एक एक गर्दै तिनै तस्विरहरू
हृदयभित्र चित्राधारका पानाहरूमा

गरेको थिएँ नि त मैले
एउटा वाचा...

आफ्नो हृदयका पत्र-पत्रहरूलाई
बनाएर एउटा चित्राधार,
त्यसैमा
बडो प्रेमपूर्वक
बडो जतनपूर्वक
ती तस्विरहरू राख्ने
आफैँसँगको वाचा !

प्रिय साथीहरू !
हरूवाहरू जितुवाहरूभन्दा
धेरै पो जिद्दी हुन्छन्

धेरै थोक छन् मेरो हृदयमा अझैँ...

तपाईंहरूमाभन्दा फरक
एक थोक चाहिँ खास छ
एउटा चित्राधार...

पुस्तक अंश

# क. आश्रितसँगको आकस्मिक भेट

प्रा.डा. रामचन्द्र आचार्य

गाउँसँगको मेरो दुरी भौतिक रूपले निकै पातलो थियो। आवतजावत पातलो भए पनि गाउँ, घरपरिवार, बुबाआमा, दिदीबहिनी, श्रीमती, छरछिमेकी र साथीभाइ एवम् वरपरको परिवेश मेरो काठमाडौँकै दिमागमा नाचिरहन्थ्यो। मेरो जन्मघर र आफू जन्मेको रुप्सेको मायाले पनि उत्तिकै सताउँथ्यो। सराईको मामाघर र मदनपोखराले पनि मेरो मस्तिष्कलाई समय समयमा उत्तिकै सिरेटो हान्थ्यो। मन यसरी छोडिदियो भने त फुत्तफुत्त जता पनि दौडिन्छ। त्यसैले मैले मेरो मनलाई छोपेर अतीतका कल्पनादेखि पठनपाठनमा केन्द्रित गरिरहन्थेँ। म पढ्दै थिएँ, पढ्दै गएँ। म आफैँमा राजनीतिक प्राणी थिएँ। राजनीतिको बिउ मेरो मस्तिष्कमा बाल्यकालमै रोपिएको थियो। कक्षा नौ र दशमा पढ्दादेखि नै राजनीतिप्रति मेरो अभिरुचि झाङ्गिएको थियो। त्यसपछि म राजनीतिप्रति केही समय निकै जागरुक ढङ्गले लागेको थिएँ। यतिबेला मेरो जीवन राजनीतिको केन्द्रतिर आकर्षित भइसकेको थियो। स्नातक तह अध्ययन गर्दा पार्टीमा देखिएको टुटफुट र विभाजनपछि मेरो राजनीतिक सहभागिता निष्क्रिय बनेको थियो। त्यस परिवेशले मलाई पुनः अध्ययनतर्फ धकेलिदियो। यस समयमा राजनीति मेरा लागि सुषुप्तप्रायः नै रह्यो। स्नातकको उत्तरार्द्धमा भने सुषुप्त अवस्थाको राजनीतिले एकाएक मुन्टो उठाउने प्रयत्न गर्‍यो। २०३०-३२ सालसम्मको कालखण्डमा राजनीतिक बीज फक्रिने त्यति अनुकूलता मिलेन। कारण थियो, कम्युनिस्ट पार्टीमा आएको टुटफुट, विभाजन र त्यसको निराशाले छोप्नु। पुनः राजनीतिमा सक्रिय हुने परिवेश बनेपछि मेरा अन्तरमनमा लुकेको राजनीतिक अभिरुचि पुनः चुम्बकीय तत्त्वले ताने झैँ तानियो। यो समय मेरो राजनीतिक जीवनका लागि निकै सङ्घर्षपूर्ण र उर्वर बन्यो। केही समयपछि म पूर्णतः राजनीतिमा होमिने विचारमा पुगेँ। म राजनीतिमा यसरी समर्पित बनें कि मेरो घरपरिवार, बुबाआमा, श्रीमती आदिप्रतिको जिम्मेवारी र कर्तव्यलाई थाती राख्न बाध्य भएँ। यद्यपि म यी विषयबाट मुक्त भएको चाहिँ थिइनँ। राजनीतिप्रतिको तीव्र लगावले गर्दा मैले आफ्नो पारिवारिक जिम्मेवारी र कर्तव्यलाई बिर्सिन पुगेछु। त्यसबेला राजनीति प्रतिकूलताले ग्रसित थियो। यस्तो अवस्थामा राजनीतिप्रति आकृष्ट हुने मेरो विचारलाई परिवारले त्यति उचित ठानेको थिएन। पञ्चायती राज्य व्यवस्थाको निरकुंश र क्रूर शासनमा राजनीतिप्रति होमिन त्यति सहज थिएन। २०३३ सालमा काठमाडौंमा एकाएक जीवराज आश्रितसँग भेटघाट भयो। उहाँसँगको नियमित सम्पर्कका कारण पुनः राजनीतिक जीवनमा सक्रिय हुन थालेँ।

नेपाल कम्युनिष्ट पार्टी टुटफुट र विभाजनले सेलाएको थियो। उक्त पार्टीलाई कमरेड आश्रितहरूले मुक्तिमोर्चाको नामबाट पुनः सङ्गठित गर्दै पुराना कमरेडहरूसँग भेटघाट गर्ने अभियान सञ्चालन गर्नुभएको रहेछ। यसैक्रममा म उहाँसँग भेटिन पुगेँ। उहाँसँगको नियमित भेटघाटपछि म पुनः राजनीतिमा सक्रिय हुन थालेँ। मलाई पार्टीले विद्यार्थी फाँटको जिम्मेवारी तोक्यो। जसले गर्दा म काठमाडौंका विभिन्न कलेज र स्थानमा गएर सङ्गठन विस्तारको काममा सक्रिय रहने थालेँ। यस अवधिमा राजनीतिमा क्रियाशीलताका कारण निकै व्यस्त रहन थालेँ। पढाइका लागि नियमित कक्षामा उपस्थित हुने अवसर नमिल्ने भएकाले पालो गरेर कक्षा लिने र आफूले कक्षा लिन नपाएको दिन कक्षामा रहेका साथीले गरेको व्याख्या र टिपेको नोटको आधारमा पढाइलाई निरन्तरता पनि दिइरहेकै थिएँ। अखिलको राजनीति गर्ने सबै विद्यार्थी नेताको यो अनिवार्य क्रियाकलाप जस्तै नै थियो। हामी पढाइविहीन राजनीति होइन; पढाइको निरन्तरता भएको राजनीतिमा सक्रिय थियौँ। यो तत्कालीन राजनीतिको मूल प्रवृत्ति नै थियो।

मेरो मनमा यस देशको राजनीतिक परिवेशको फराकिलो आकाश अटाउन थाल्यो। त्यस आकाशमा मैले देखें काला मडारिएका बादलका धब्बाहरू। ती धब्बाहरूलाई नमेटेसम्म र नफाँडेसम्म नेपाली जनता खुला र सफा आकाशमुनि बाँच्न पाउँदैनन् भन्ने लाग्यो। हामी जत्तिका युवा अब परिवारको संकीर्ण घेरा तोडी देशको फराकिलो परिवेशमा बाँच्न सक्नुपर्छ भन्ने परिकल्पना मनमस्तिष्कमा सजिन थाल्यो। यसैले राजनीतिप्रति अनवरत रूपमा खटिनुपर्छ भन्ने विचारहरू मानस पटलमा खेल्न थाले। देशको समस्या नै मूल र विशेष लाग्न थाल्यो। विद्यार्थी जीवनदेखि सङ्ग्रहित भएका विचार र भावनाहरू विस्फोटक बनी क्रान्तिका लागि तत्पर हुँदै थिए। अग्रज नेताहरूका आदर्शयुक्त दार्शनिक चिन्तन, मनन र सङ्कल्पले मनमा रहेका परम्परागत सोचाइको सीमालाई भत्काउने कोसिस गरेको थियो। मनभरि सग्बगाएको विचारले आफ्नो सीमा तोड्यो। गाउँ, बस्ती र जनजीविकाको दुरवस्थाले मन पोल्यो। विद्रोहको ज्वाला सल्कियो। ज्वाला दन्कियो, भुङ्ग्रो जस्तै। राप र तापले चिसिन मानेन।




जीवनले मृत्युको पर्वाह गर्न छोडिसकेको थियो। देश विभेदपूर्ण, अन्यायपूर्ण, शोषण र थिचोमिचोको मारमा पिल्सिएर बाँचेको थियो। यस्ता अनुभूतिले मेरो मनलाई भित्रै देखि चसक्क छोयो। यस अवस्थाबाट मुलुकलाई मुक्त नगरेसम्म प्रगतिशील समाजको निर्माण सम्भव थिएन। परिवर्तनकारी शक्तिहरू एकजुट भई जुर्मुरिनु आवश्यक पनि थियो। देश दानवीय शासनको दुष्चक्रममा परी नेपालीहरू बाँचेको दयनीय अवस्थाबाट मन प्रसन्न हुन सकेन। वास्तवमा मान्छेको मनलाई कुनै न कुनै परिघटना, विचार र परिवेशले चसक्क नछोएसम्म विद्रोह त जन्मिँदै जन्मिँदैन। संसार एकातिर बगिरहेको छ। हामी अर्कैतिर घुमिरहेका छौं जस्तो लाग्यो। यसैले मेरो मन तीव्र उद्वेलित भयो खराब राजनीतिको भुमरीबाट देशलाई मुक्त गर्ने चाहनाले विद्रोहको राँको बाली विद्यार्थी आन्दोलनको गोरेटो समायो। हुकुमी शासन, अन्याय, अत्याचार, परिवारतन्त्र, दुःखी र गरिब तथा सोझासाझा सर्वहारा जनताको कारुणिक चीत्कारले आन्दोलनको मार्गमा उत्साहपूर्वक कुद्नका लागि बल प्रदान गयो।

तिनताका घरमा अलि बढी सन्ताप पर्न थालेको थियो। सन्ताप पर्नुको कारण मैले अध्ययन पूरा गरिसकेपछि पनि कुनै काम या जागिरमा नलाग्नु थियो। अध्ययन कालपछि म कुनै जागिरमा लाग्नुपर्थ्यो। घरमा श्रीमती छन्, बुबाआमा हुनुहुन्छ भन्ने कर्तव्यबोध हुनुपर्थ्यो। घरको जिम्मेवारीमा काँधमा काँध मिलाउनुपर्थ्यो तर मबाट त्यस्तो केही भएन।

फेरि घरपरिवारका सदस्यहरूले आफ्ना सन्तानप्रति आशा, अपेक्षा राख्ने कुरा अन्यथा पनि थिएन। मैले विगतमा साँचेका सपनाको द्वारलाई वास्तविक अर्थमा खोल्न उद्यत हुनुपर्थ्यो। वैवाहिक जीवनको नौ/दश वर्षसम्म पनि एउटी श्रीमतीलाई मातृत्वको अनुभूति भएको थिएन। बुबाआमाको नातिनातिना खेलाउने अद्‌भुत रहर रहस्यमयी रहेको थियो। सन्तानले काख भरिनुपर्छ भन्ने समाजमा एउटा पनि सन्तान नहुँदा परिवारमा शून्यता छाएको थियो। एउटा छोरो त्यसमा पनि लामो समयसम्म बुहारीको काख रित्तो हुँदाको अव्यक्त पीडा आमाबुबाका अन्तर्मनमा लुकेको थियो। पढाइको गन्तव्य पूरा गरिसक्दा पनि छोरो कुनै व्यवसाय वा अर्थ उपार्जनमा प्रवेश गरेको छैन भन्ने चिन्ताले बुबाआमालाई मानसिक रूपमा थप विचलित पारेको थियो।

सौभाग्यको प्रतीकस्वरूप जीवनको पहिलो उन्मेषमा वरण गरेको श्रीमान्‌प्रतिको अपेक्षा श्रीमतीमा नहुने कुरै भएन। मेरो राजनीतिप्रतिको अतृप्त लगावले गर्दा श्रीमतीलाई पर्याप्त समय दिन पाएको थिइनँ। एउटी श्रीमतीलाई श्रीमानको जैविक आवश्यकता मात्र होइन, आत्मिक सन्तोषको बलियो आधारको अभावसमेत खड्किएको थियो।

सँगको उठबस, बोलचाल, साथसमर्थन, भावनात्मक आदानप्रदान, विचार विनिमय, सन्ततिको वात्सल्यमयी प्रेमको मिठो आस्वादन, जीवनको निश्चित गन्तव्यको स्पष्ट मार्गदर्शन आदि इत्यादि कुराको अप्राप्तिले परिवारमा कष्टकर अवस्था सिर्जना गरेको पक्कै थियो। छोराछोरीको सुनिश्चित भविष्यको खोजीमा भौँतारिरहेका आमाबुबालाई मेरो राजनीतिप्रतिको लगाव र अठोटले नमिठो चोट दिएको थियो। मनमा अशान्ति र असन्तोषको बेचैनी बढेको थियो। मेरा कारणले सबैको मन भित्रभित्रै दुखेको थियो। पारिवारिक चिन्ताले सबैलाई सताएको थियो। म भने २०३६ सालमा स्नातकोत्तर तह (एम.ए.) पूरा गरेँ र २०३६ सालदेखि नै पूर्णकालीन रूपमा नेपाल कम्युनिष्ट पार्टीमा समर्पित भएको थिएँ।

राजतन्त्रको निरङ्कुशतालाई जनताले स्वीकार गर्न सकेका थिएनन्। पञ्चायती राजनीतिक प्रणालीले म जस्ता राजनीतिक मुक्तिकामी प्राणीलाई तत्कालीन समयमा सूक्ष्म ढंगले निगरानी गर्थ्यो। छोरोको जीवनको असुरक्षा तथा भयले घरपरिवार र आफन्तलाई त्रस्त बनाएको थियो। दिनदहाडै भइरहने हत्याहिंसा जस्ता अशान्तिपूर्ण परिघटनाले सबैलाई पिरोलेको थियो। परिवारको आशा र भरोसाको केन्द्रका रूपमा विश्वास गरिएको मलाई पञ्चायती शासकले कार्बाहीका नाममा धूलिसात् नपार्लान् भन्न सक्ने स्थिति पनि थिएन। तत्कालीन राजनीतिभित्र निकै जोखिमपूर्ण स्थिति रहेको थियो। राजनीतिक जीवनमा आबद्ध जोकोहीले भूमिगत जीवन बाँच्नुपर्थ्यो। राजनीतिक पार्टीका कार्यकर्ताहरूलाई प्रहरीले उच्च खोजीको सूचीमा राखेका हुन्थे। त्यसैले त जीवनको अगाडि मृत्युको घण्टी बजिरहेकै हुन्थ्यो। पाइलापाइलामा रातो बत्ती बलिरहेकै थियो। खुकुरीको धारमा अडिएर हिँड्न नसके जीवनको इहलिला समाप्ति निश्चित जस्तै थियो। प्रहरीको खोजी सूची तथा निसानामा परियो भने परिवर्तनको सपना टुक्रा टुक्रा हुन सक्थ्यो। जनजीविका र जनाधिकारका पक्षमा लाग्नेप्रति पञ्चायती सरकार निर्मम थियो। सरकारमा मानवीय संवेदना शून्यप्रायः देखिन्थ्यो। सरकारले जनपक्षीय कार्यकर्तालाई आतंककारी र विद्रोही घोषणा गरी त्यसअनुरूपको हर्कत गर्न कुनै कसर बाँकी राख्दैनथ्यो। जनताको पक्षमा आवाज बुलन्द गर्नेप्रति नृशंस हुनु प्रहरीको कर्तव्य थियो। यस किसिमको ज्यादै घातक, त्रस्त र कठोर परिवेशमा म पार्टीको राजनीतिक क्रियाकलापमा सक्रिय थिएँ।

जीवनको अन्त्य कुन मोडमा कहाँनिर गएर हुने हो, निश्चितताको मसिनो रेखो पनि भेटिँदैन। यही जटिल परिवेश नै मेरा लागि जनताका पक्षमा लड्ने विशेष अवसर बनिदियो। यस्तै परिस्थितिका बिचमा म राजनीतिको मूल प्रवाहमा अगाडि बढ्न खोजिरहेको थिएँ। यही वेला २०३८ सालमा मेरी ठुली छोरी समा जन्मिएकी थिइन्। जुनबेला सीता प्रसव पीडामा थिइन् त्यति बेला म उनीसँग नजिक रहन वा घर जान सकेको थिइनँ। यसबेला पनि उनले कष्टसाध्य अवस्थालाई सहन गरी धैर्यपूर्वक परिवारको रथलाई गन्तव्यतर्फ डोर्‍याइरहेकी थिइन्। सीताले काखमा भएकी छोरीलाई हुर्काउँदै मेरी आमाको सेवा गरेकी थिइन्।

दुर्भाग्यवश त्यही वेलामा आमाको शारीरिक स्वास्थ्यमा जटिलता देखापरेको जानकारी मलाई प्राप्त भयो। उहाँको शरीरमा स्वास्थ्य समस्या देखापर्दा म विद्यार्थी राजनीतिको जिम्मेवारीमा थिएँ। प्रहरीका आँखा र बुटको आवाजलाई छली छली हामीले जीवन रक्षा गर्नुपर्थ्यो। आमा बिरामी भएको खबर म पार्टी काममै खटिएका वेला प्राप्त भयो। मेरा कानमा जब यो सूचना पर्‍यो तब मन बेचैन भयो। बाबाआमाका लागि त्यति धेरै मैले केही गर्न सकेको थिइनँ। बिरामी अवस्थामा समेत साथमा नहुनु र सेवा गर्नसमेत नपाउनु मेरा निम्ति दुःखको कुरो थियो। आमा बिरामी भएको सूचनाले म अत्तालिएँ। उहाँको गम्भीर अवस्थाबाट म निकै चिन्तित बनें। आजसम्म टाठी नै रहनुभएकी मेरी आमालाई के भयो होला भन्ने विचारले मेरो मन भतभती पोल्यो।

परिवेशलाई सूक्ष्म ढङ्गले केलाएँ। पार्टी नेतृत्व तथा कमिटिका साथीहरूसँग पारिवारिक समस्याका बारेमा कुराकानी गरेँ। साथीहरूले सहानुभूति र सद्भाव प्रकट गर्नुभयो। मैले आमालाई भेट्न जाने समयको व्यवस्थापन मिलाएँ। आमा हस्पिटलको बेडमा हुनुहुन्थ्यो। जसोतसो आमा भर्ना भएको पाल्पा मिसन हस्पिटलमा पुगेर उहाँको स्वास्थ्य अवस्थाको जानकारी लिएँ। आमालाई हस्पिटलको बेडमा अर्द्धचेत अवस्थामा फेला पारेपछि मन भक्कानियो। थला परेकी उहाँलाई एकपटक 'आमा!' भन्दै हेर्ने कोसिस गरें। आमा झल्याँस्स ब्युँझिनुभयो। मेरो अनुहारलाई आँखाका परेला तर्काएर एकटकले हेर्नुभयो। बर्र आँसुको वर्षा गर्नुभयो। यो पीडादायी अवस्थाले मेरो मन र हृदय छिया छिया भयो। 'आमा के भयो ?' मैले प्रश्न गरेँ। आमा बोल्न सक्नुभएन। मैले मेरा बुबा र आफन्तहरूलाई पनि हस्पिटलमा भेटें। बुबाको मुख पनि चिन्ताको अँध्यारो बादलले घेरिएको देखेँ। मैले विस्तारै कुरा बुझें। आमा बिमारी हुनुको कारण म नै रहेछु। आमा मेरै कारणले अति चिन्तित हुनुभएको रहेछ। चिन्ताले नै उहाँलाई अस्पतालको बेडमा पुर्‍याएको रहेछ। परिवारको एक्लो छोरो घर छाडेर जोखिमपूर्ण राजनीतिको बाटोलाई अवलम्बन गरेर परिवारदेखि टाढिएको छ। राजनीतिक रूपमा अर्द्धभूमिगत अवस्था, आतङ्कित र त्रसित वातावरण, प्रहरीले वेला वेला घरमा गर्ने निगरानी, यस्तै यस्तै कारणले आमा विक्षिप्त बन्नुभएको रहेछ। म घरबाट बाहिर हुनु नै आमा बिरामी हुनुको कारणका रूपमा बुझें।

यसरी आमाको शिथिल अवस्था देखेर मलाई परिवारप्रतिको कर्तव्य बोध भयो। परिवारको व्यवस्थापन पनि मेरो काँधमा छ भन्ने विषयले मलाई प्रभाव पायो। मातृऋण र पितृऋण दुबैलाई छोराको हैसियतले निर्वाह गर्नुपर्छ भन्ने महसुस गरेँ। उहाँ यो अवस्थासम्म आइपुग्नु मेरै पिर र गहिरो चिन्ता कारक बनेको रहेछ। मलाई लाग्यो यसैगरी परिवारलाई बेवास्ता गर्दै अघि बढें भने चिन्ताले चिताको मार्ग नपहिल्याउला भन्न पनि सकिन्नँ। यस्तो बोध गर्दै एक किसिमको निष्कर्षमा म पुगेको थिएँ।

मैले उहाँका अगाडि 'म अबदेखि राजनीति मात्र नभई परिवारप्रति पनि ठुलो महत्त्व दिनुभन्दा पारिवारिक जिम्मेवारी र आफ्ना कार्यलाई उचाइमा पुर्‍याउँछु। आफ्नो मार्गलाई पुनर्विचार गर्छु' भन्ने वाचा गरेँ। यसपछि आमालाई चिन्ताको गहिरो खाडलबाट निकाल्नका लागि अनेक विश्वास दिलाएँ। बुबाआमा र सीतालाई पनि आश्वस्त र विश्वस्त तुल्याएँ। आमाको जीवनका लागि आत्मबल उठाउने कोसिस गरेँ। यो समय २०४० साल वैशाख महिनाको थियो। समयले मलाई धेरै शिक्षा दियो र मैले शिक्षा लिँदै अघि बढें। आमालाई रोग मुक्त गर्न डाक्टरसँग परामर्श गरेँ। उहाँमा नयाँ समस्याहरू थपिँदै गए। यसै वेला आमामा वात रोगको लक्षण पनि देखियो, दम पनि देखायो र मुटुसम्बन्धी समस्या पनि देखिए। आमालाई ५१ वर्ष उमेरमा यी विविध दीर्घ रोगहरूले एकैपटक आक्रमण गरे। मैले आफूलाई यहीँबाट परिमार्जन गर्नुपर्ने निचोडमा पुगेँ। मेरा अघि पारिवारिक जिम्मेवारीलाई पनि काँधमा बोक्नुपर्ने परिस्थिति सिर्जना भयो।

त्यो बेला पार्टीले मलाई पूर्णकालीन जिम्मा दिएर पार्टी काममा खटाएको थियो। म आफ्नो कार्यक्षेत्रमा इमानपूर्वक लागेको थिएँ। जब मेरो परिवारमा आमा बिरामी पर्नुभयो र पारिवारिक समस्या बल्झिँदै गयो तब मैले पार्टी नेतृत्वसँग परामर्श गरेँ। यसपछि भने मैले पार्टी नेतृत्वको परामर्श र सल्लाहमा २०३६ देखि २०४० सालसम्म रहेको पूर्णकालीन जिम्मेवारीबाट बिदा भई पार्टी काममै केन्द्रित हुने गरी रूपन्देही जिल्लामा आएँ। रूपन्देही आउनुअघि म काठमाडौँ जिल्ला कमिटी तथा विद्यार्थीको न्यूक्लियसमा आबद्ध थिएँ भने पार्टीका तर्फबाट विद्यार्थी फाँट हेर्ने काममा पनि सक्रिय थिएँ। त्यस वेला मैले पार्टी तथा विद्यार्थी राजनीतिको दुबै मोर्चामा रही आफ्नो अभिभारा पूरा गरेको थिएँ।

उता सीताले छोरीलाई रेखदेख र आमालाई सुसार गर्नुपर्ने गाह्रो परिस्थितिमा समेत मैले उनलाई साथ दिन पाइनँ। सबैको जिम्मेवारी एक्लो काँधमा बोक्नुपर्दा सीताले मेरो आवश्यकता अवश्य बोध गरेकी थिइन्। उनी काखमा बच्चा च्यापेर बिरामी आमाको सेवा गर्नुपर्ने परिस्थितिबाट कैयौँ पटक गुज्रिन्। यति हुँदा पनि मप्रति उनले कुनै गुनासो र नकारात्मक टिप्पणी गरिनन्। उनलाई विश्वास थियो, म गलत बाटो लागेको थिइनँ। तैपनि हामीबिच भेट नभएको लामै अन्तराल भइसकेको थियो। उनीसँगको सान्निध्यबाट म टाढा भएको थिएँ। म राजनीतिका नाममा अर्द्धभूमिगत अवस्थामा देशको परिवर्तनका खातिर जीवनको जोखिम मोलेर अग्रसर हुन खोजिरहेको थिएँ। म यस बाटामा अविचलित ढङ्गले अगाडि बढ्न खोज्थेँ।

यद्यपि परिस्थिति अनुकूल हुँदैन थियो। यी सबै परिस्थितिका बिच सम्हालिएर अगाडि बढ्नुको विकल्प पनि थिएन। सीता थिइन् र म आफ्नो मार्गमा निश्चिन्तताका साथ लागिरहेको थिएँ। बिरामीपछि भने आमाको अवस्थालाई नजर अन्दाज गर्न मिल्ने परिवेश मसँग थिएन। किंकर्तव्यविमूढ अवस्थामा म उभिएको थिएँ। सीताले खाना बनाउनुपर्थ्यो, आमाको रोगी शरीरलाई ख्याल गर्नुपर्थ्यो, खेती किसानी तथा घरायसी काममा पनि ध्यान दिनुपर्थ्यो। उनले यी सम्पूर्ण जिम्मेवारीलाई एकसाथ अति विचारपूर्वक सम्हालेकी थिइन्। सीताकै कारण मेरा पारिवारिक समस्या मसँग आएका थिएनन्। सीतासँग एकातिर बिरामी आमाको रेखदेख तथा अर्कातिर चञ्चले बालबच्चा सम्हाल्ने जिम्मा पनि थियो।

---

**अढाई...**

बुटवल मात्र नभई भैरहवा, कपिलवस्तु, नवलपरासी, दाङ, नेपालगञ्ज, धरानसम्मबाट ग्राहक आउन थालेपछि सैलुनलाई ठाउँ अपुग भयो। दुई पटकसम्म ठाउँ थपेर अहिले उनको सैलुन २२ सय स्क्वायर फुटमा फैलिएको छ। तीन वर्ष पछि मोहनले नील डेभिडको फ्रेन्चाइजीलाई छाडेर आफ्नै ब्राण्ड 'समृद्धि हेयर ड्रेसिङ सैलुन' बनाए।

ग्राहकको रुचि र चाहनाअनुसार सेवाहरु थप्दै अघि बढेका मोहनले २०७८ यता दुई वर्षको अवधिमा तिलोत्तमाको मणिग्राम, नवलपरासीको बर्दघाट, पोखरा, कपिलवस्तुको जितपुरमा गरी समृद्धिको शाखा पाँचवटा पुर्‍याउन सफल भए। छोटो समयमै नयाँ ब्रान्डको रुपमा पस्केर विभिन्न जिल्लामा चेन व्यवसायको रुपमा विस्तार गर्दै अघि बढेका मोहनले गतवर्षको चैतबाट कपाल र सौन्दर्यसँग सम्बन्धित तालिमहरु दिने एकेडेमी पनि सञ्चालनमा ल्याए। हालसम्म सैलुन र एकेडेमीमा गरी साढे २ करोड बढी लगानी भएको मोहनले बताए। एकेडेमीमा हेयर केमिकल, स्किन, नेल, मेकअप, हाइड्रा फेसियल आदि विषयमा १५ दिनदेखि ६ महिनासम्मका तालिम सञ्चालन हुने ठाकुरले बताए।

सैलुनका ५ वटा शाखा र तालिम दिने एकेडेमीमा गरी समृद्धिमा ५० जना भन्दा बढी युवा युवतीले रोजगारी पाएका छन्।

सैलुनमा काठमाडौं, धरान, विराटनगर, पोखराबाट जहाज चढेर समेत ग्राहकहरु सेवा लिन आउने गरेको मोहन बताउँछन्। 'एक वर्षमा सरदर १३ हजार ग्राहक सेवा लिन आउने गरेकामा ८० प्रतिशत ग्राहक महिला छन्,' उनी भन्छन्-'पहिले सौन्दर्यको परिभाषा महिला र त्यसमा पनि अनुहारमा सीमित थियो, हामीले पुरुष र कपाल पनि सौन्दर्यका अभिन्न पाटो हुन् भन्ने यो क्षेत्रमा स्थापित गर्‍यौं।'

विदेशमा महँगो हुने भएकाले वैदेशिक रोजगारीका क्रममा छुट्टीमा आएका नेपालीहरु पनि उल्लेख्य संख्यामा समृद्धिमा सेवा लिएर जाने गरेको मोहनको भनाइ छ।

'सापटी खोजेको १० लाख रुपैयाँबाट सुरु गरेको व्यवसायमा ७ वर्षमा आइपुग्दा साढे दुई करोड बढी लगानी पुगेको छ,' मोहनले भने-'हिजो यो पेशा गर्न हुन्न इज्जत छैन, राम्रो कमाई पनि हुन्न भनेर रिसाएको आफ्नै परिवार अहिले सैलुनको प्रगति र आम्दानी देखेर अचम्म र दंग परेको छ।'

निकट भविष्यमा दुबई र काठमाडौंमा शाखा विस्तार गर्ने तयारी भइरहेको मोहनले बताए।

सैलुनका नियमित ग्राहक गुल्मीको मालिका गाउँपालिका अध्यक्ष देवीराम अर्यालले स्नातक पढेको युवाले लाखौं लगानी गरेर सैलुनमा थुप्रै युवालाई रोजगारी दिनु साँच्चिकै गज्जब लागेको बताए। 'परम्परागत कामलाई नयाँ तरिकाले गर्दा व्यवसायिक हिसाबले सफल र राम्रो आम्दानी पनि लिन सकिने तथ्य यो सैलुनले उदाहरण दिएको छ, यस्ता युवा र व्यवसायलाई प्रोत्साहन दिनपर्छ,' अध्यक्ष अर्यालले भने-'अहिले पनि देशभर सैलुन व्यवसायमा भारतीय नागरिकले काम गरिरहेका छन्, सीप सिकेर नेपाली युवाले पनि यो काम गर्ने हो भने राम्रै संभावना छ।'

सैलुनको सफलता देखेर रुपन्देही, कपिलवस्तु र नवलपरासीका ठाकुर समुदायका धेरै युवाले विदेश जान छाडेर आफ्नै ठाउँमा व्यवस्थित सैलुन पसल सञ्चालन गर्न थालेको मोहन बताउँछन्। 'हिजो यो पेशाबाट पार लाग्दैन, कमाउन विदेश नै जानपर्छ भन्ने ठाकुर समुदायका युवाहरु अहिले समृद्धिको उदाहरण दिँदै विदेश जान छाडेर आफ्नै ठाउँमा धमाधम सुविधायुक्त सैलुन खोलिरहेका छन्।'-ठाकुरले भने।

विगतमा कपाल काट्ने काम गर्छुभन्दा लाज मान्नुपर्ने अवस्था र सोंचलाई व्यवसायिक ढंगले काम गरे जुनसुकै पेशा गर्व गर्न लायक हुन सक्दोरहेछ भन्ने तथ्यलाई समृद्धि सैलुनले सावित गरिदिएको बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष महेशमान सिंह बताउँछन्। सैलुनमा साढे २ करोड लगानी, ५ वटा शाखा, ५० जनाभन्दा धेरैलाई रोजगारी दिई बुटवलमा घर र झण्डै करोडको गाडी चढेर सैलुनको चेन हाँक्नु बुटवलको हकमा सैलुनमा क्रान्ति भएको सिंह बताउँछन्।

'साँच्चै भन्नुपर्दा काठमाडौं बाहिर सैलुनको परिभाषा र पेशालाई हेर्ने नजर बदल्न समृद्धि सैलुन सफल भएको छ,' सिंहले भने-'सैलुनमा समृद्धिले क्रान्ति नै गरेको मान्नुपर्छ, अहिले बुटवल हेयर ड्रेसिङ र हेयर कलरिङको हब नै बनेको छ, समृद्धिलाई देखेर अरु ठूला धेरै सुविधासम्पन्न सैलुन खुलेका छन्।'

नेपालमा उद्यम, व्यवसायमा भविष्य छैन भन्ने भाष्य स्थापित गरी पढे लेखेका युवाले पनि विदेश नै ताक्ने प्रवृत्तिका माझ स्नातक गरेका मोहनले भने स्वदेशमै परम्परागत हजाम पेशालाई व्यवसायिक सैलुनमा बदलेर स्वदेशमै केही नयाँ गर्न सकिन्छ भन्ने प्रमाणित गरी उदाहरणीय उद्यमी बनेका छन्।

उनको एकेडेमीबाट कपाल काट्ने तालिम लिएका युवाहरु बेलायत, स्पेन, क्यानाडा, फिनल्याण्डलगायतका देशमा पुगेर राम्रो आयआर्जन गरिरहेको मोहन बताउँछन्।

अहिले मोहनको एकेडेमीमा झण्डै ८० जनाले सैलुन र हेयर ड्रेसिङसम्बन्धी आधुनिक तरिकाको सीप सिकिरहेका छन्।

**हेयर ड्रेसिङ सिकाउने कलेजको खाँचो**

कपाल काट्ने सीप र हेयर ड्रेसिङ सीपको स्वदेश र विदेशमा उच्च माग भएकाले यस सम्बन्धी कलेज नै खोल्न जरुरी देख्छन् मोहन। 'यससम्बन्धी सीपहरुलाई पाठ्यक्रममै राखेर सिकाउन जरुरी छ। विदेशका कैयन् विश्वविद्यालय तथा कलेजहरुमा यस सम्बन्धी पढाइ हुन्छ,' मोहनले भने-'अब हामीले पनि कुनै कलेज नै सञ्चालन गरेर यस्ता विषयमा पठनपाठन गराउन जरुरी छ।' तालिम दिन सुरु गरेको एकेडेमीलाई सिटिइभिटीबाट सम्बन्धन लिई शैक्षिक प्रमाणपत्रसहितको सीपयुक्त दक्ष जनशक्ति उत्पादनको योजना रहेको मोहनले सुनाए। यस्तो कलेज खोलेर नेपाली युवालाई तालिम दिन सके सीमावर्ती भारतीय शहरबाट नेपालमा आएर सैलुन व्यवसाय गर्ने भारतीयलाई विस्थापित गरी नेपालीलाई नै व्यवसायी बनाउन र रोजगारी सिर्जना गर्न सकिने मोहन औंल्याउँछन्। यसो गर्न सके सैलुन व्यवसायलाई हेय भावले हेर्ने समाजको दृष्टिकोण परिवर्तन आई अरु व्यवसाय सरह सम्मानित बन्न सक्ने उनको बुझाइ छ।

**भैरहवामा...**

उद्‌घाटन समारोह र बन्द सत्र गरी दुई चरणमा सम्पन्न हुने महाधिवेशनले नयाँ नेतृत्व चयनसँगै विद्यान संशोधन, कार्यप्रगति प्रतिवेदन, सांगठनिक प्रतिवेदन, आर्थिक प्रतिवेदनसहित आगामी भावी नीति तथा कार्यक्रमहरु तय गरी पारित गर्नेछ।

महाधिवेशनको कार्यक्रमअन्तर्गत मंसिर १ गते शनिबार बिहान ९ बजे बुद्धचोकबाट पटवा बैंक्वेटसम्म झाँकी, र्‍याली प्रदर्शन गरिने र महाधिवेशनको दिउँसो १ बजे उद्‌घाटन हुनेछ। २३औं राष्ट्रिय महाधिवेशन मूल आयोजक समितिका अनुसार महाधिवेशनले मंसिर ३ गते सिद्धार्थनगर रुपन्देही घोषणा पत्र जारी गर्नेछ।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# होटेल म्यानेजमेन्टका विद्यार्थीलाई देशमै बस्ने वातावरण बनाउन माग




बुटवल । होटेल म्यानेजमेन्ट पढेका विद्यार्थीलाई नेपालमै रहेर रोजगारी वा आफ्नै व्यवसाय गर्ने वातावरण सरकारले बनाउनुपर्ने माग सरोकारवालाले गरेका छन् ।

एशियन स्कुल अफ टुरिज्म एण्ड होटल म्यानेजमेन्ट (आस्थम) बुटवलले आयोजना गरेको विद्यार्थी स्वागत र बिदाई कार्यक्रममा बोल्ने वक्ताहरुले रुपन्देही होटेलको हब भएकाले होटेल म्यानेजमेन्टका विद्यार्थीलाई उचित पारिश्रमिकसहित नेपालमै बस्ने वातावरण बनाउनुपर्ने माग गरेका हुन् ।

भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा चल्दा रुपन्देहीमा होटेल तथा रेष्टुरेण्टमा कामदारको अत्याधिक माग हुने भएकाले होटेल म्यानेजमेन्टका विद्यार्थीलाई विदेश पलायनबाट रोकेर यही रोजगारी दिने विशेष योजना तीनै तहका सरकारले ल्याउनुपर्ने सरोकारवालाको माग छ ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य हेमा बेल्बासे केसीले पर्यटनको विकासबाटै देशको समृद्धि हासिल हुन सक्ने चर्चा गर्दै होटेल तथा पर्यटन क्षेत्रमा उत्पादित जनशक्ति मात्र नभई समग्र युवा जनशक्तिको विदेश पलायन देशकै लागि ठूलो चुनौती र समस्याको विषय भएकाले यसलाई रोक्न सरकार र नागरिक सबैले भूमिका खेल्नुपर्ने बताइन् । देशमैप्रशस्त अवसर रहेको र विदेशमा बाहिर देखेजस्तो सजिलो र सुख नभएको कुरा अभिभावकले आफ्ना सन्तान र शिक्षकले विद्यार्थीलाई बुझाउनुपर्नेमा सांसद बेल्बासेले जोड दिइन् ।

'युवाहरू देखासिकीमा विदेश जाने गरेका छन्, तर विदेशमा सबैका लागि राम्रो छैन, त्यहाँ गएर धेरै दुःख पाएका थुप्रै उदाहरण छन्, त्यसैले अभिभावकले सन्तानलाई सम्झाउनु, बुझाउनुपर्छ,' उनले भनिन्-'विदेशमा गएर गर्ने जति दुःख देशमा गर्ने हो भने विदेशमा भन्दा धेरै कमाउन सकिन्छ ।' पर्यटन विकासका लागि पाहुनालाई गुणस्तरीय सेवा दिई उनीहरुको बसाई लम्ब्याउन जरुरी रहेको सांसद बेल्बासेले सुझाइन् ।

संस्थाका प्रबन्ध निर्देशक घमानसिंह गुरुङ (जिएस)ले बुटवलकै पुरानो मध्येको आफ्नो संस्थाले हालसम्म १० हजार जनालाई छोटो र लामो अवधिको होटेल म्यानेजमेन्टसम्बन्धी तालिमहरु दिएको जानकारी गराउँदै होटल म्यानेजमेन्टका जनशक्तिलाई नेपालमै अवसर रहेको, तर उनीहरुले विदेश रोज्ने गर्दा नेपालमा जनशक्ति अभाव भएको बताए ।

राजनीतिक अस्थिरता, राजनीतिक दल र सरकारप्रति अविश्वास र वितृष्णाका कारण युवा जनशक्ति विदेश पलायन भएकाले यसलाई रोकेर स्वदेशमै बस्ने वातावरण बनाउन सरकार गम्भीर बन्नुपर्ने गुरुङले बताए ।

संसारका १० अग्ला हिमालमध्ये ८ वटा नेपालमा भएकाले सरकारले हिमाली क्षेत्रको पर्यटनलाई प्राथमिकतामा राखेर योजना बनाउनुपर्ने र धार्मिक पर्यटनबाट लाभ लिन सकिने उनले सुझाए ।

कार्यक्रममा नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ लुम्बिनी प्रदेश अध्यक्ष ठाकुर घिमिरे, बुटवल ८ का वडा सदस्य सीता खनाल, संस्थाका कोर्डिनेटर अमन लिगल, शिक्षक खुम पालुङ्गे , विद्यार्थीहरु मानिस घर्ती, अञ्जुली श्रेष्ठ, प्रेमिका थापा, प्रज्ज्वल गुरुङले होटेल म्यानेजमेन्टका दक्ष जनशक्ति उत्पादनमा आस्थम प्रदेशमै अग्रणी संस्था भएको चर्चा गरेका थिए । संस्थाको १५औं ब्याचले आयोजना गरेको कार्यक्रममा १४औं ब्याचलाई बिदाई र १६औं ब्याचका विद्यार्थीलाई स्वागत गरिएको थियो । सो अवसरमा विद्यार्थीहरुले गीत र नृत्यमार्फत् सहभागीलाई मनोरञ्जन दिलाएका थिए ।

# अन्तरधार्मिक सद्भावबारे अन्तर्क्रिया



बुटवल । शान्ति, मेलमिलाप, धार्मिक सहिष्णुता र सामाजिक सद्भाव हाम्रो प्रतिबद्धता भन्ने मूल नाराले स्थापित संस्था अन्तर धार्मिक सद्भाव संघ नेपालद्वारा बुटवलमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले बोल्दै मानिसको धार्मिक आस्था आफ्नो आफ्नो भए पनि सबैको निचोड मानवकल्याण भएको बताए । उनले अन्तरधार्मिक सद्भाव संघ स्थापनाले समाजमा विभिन्न धर्म मान्ने व्यक्तिहरुलाई गोलबद्ध गर्दै आपसमा सद्भाव कायम गर्न टेवा पुराउने बताए । उनले धन कमाउन आधुनिक खेती प्रणाली अपनाउनुपर्ने र धर्मको नाममा राजनीति गर्न नहुने बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य तथा पूर्व मन्त्री भोजप्रसाद श्रेष्ठ, संविधान सभा सदस्य तथा संघका सल्लाहकार नेत्र पन्थी, राष्ट्रिय समाचार समिति (रासस) का पूर्व केन्द्रीय अध्यक्ष डा. बालकृष्ण चापागाईं, राप्रपाका नेता विष्णुबहादुर कार्की, विश्वहिन्दु महासंघका धर्म गुरु विजयराज बस्याल, बौद्ध समाज नेपालका धर्म गुरु खेन्पो फुर्वा शेर्पा, मुस्लिम समुदायका धर्मगुरु अल्लाहाज मौलाना रहमद अलि, नेपाल क्रिश्चियन समाजका धर्मज्ञाता प्रोफेसर डा. बीपी खनाल, इश्वरीय विश्वविद्यालयक वरिष्ठ उपाध्यक्ष ब्रहमाकुमारी राज योगीनी कमला, अन्तरधार्मिक सद्भाव संघका उपाध्यक्ष गणेश घिमिरे, महासचिव सुरज थापाले मन्तव्य राखेका थिए ।

# सम्बन्धविच्छेदका घटनामा उल्लेख्य वृद्धि



नवलपुर । नवलपुर जिल्लामा सम्बन्धविच्छेदका घटनामा उल्लेख्य वृद्धि भएको छ । जिल्ला अदालतमा दर्ता भएकामध्ये ४५ प्रतिशत मुद्दा सम्बन्धविच्छेदका रहेको अदालतका स्रस्तेतार गम्भीर घिमिरेले जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षको कात्तिक २८ गतेसम्म अदालतमा ८ सय ५८ वटा मुद्दा दर्ता भएकोमा सम्बन्धविच्छेदका मात्र २१३ वटा छन् । त्यसमध्ये शुद्ध सम्बन्ध विच्छेदका एक सय ५७, अंश जोडिएका १९ मानाचामल जोडिएका एक र पुरुषवादी भइ दायर भएका ३६ थान मुद्दा रहेको घिमिरेले जानकारी दिए ।

अघिल्लो आर्थिक वर्षमा एक हजार ३ सय ६८ मुद्दा दर्ता भएकामा पाँच सय २४ वटा मुद्दा सम्बन्धविच्छेदका थिए । जसमध्ये ४ सय ७६ वटा फर्स्यौट भएका थिए भने तीन सय ५८ वटा मुद्दामा मिलामत्र गरिएको थियो ।

आर्थिक वर्ष २०७९/०८० मा एक हजार एक सय ७९ थान मुद्दा दर्ता भएकोमा सम्बन्ध विच्छेदका मुद्दा ४ सय ७१ थिए । ती मुद्दामध्ये ४ सय ७१ वटा फर्स्यौट भएका अदालतका श्रेष्तेदार घिमिरेले जानकारी दिए ।

यसरी सम्बन्धविच्देछका मुद्दा बढ्नुमा वैदेशिक रोजगारी प्रमुख कारण रहेको जिल्ला अदालतका न्यायाधीश कमलप्रसाद ज्ञवालीले जानकारी दिए । त्यसबाहेक परिवार भित्रको कलह, आर्थिक विपन्नता, पढाइअनुसार रोजगारी नपाउनु, छिटो विवाह, सामाजिक सञ्जाल आदि पनि सम्बन्ध विच्छेदक कारणहरु रहेको न्यायाधीश ज्ञवालीले बताए ।

श्रीमान श्रीमतीबिच सकेसम्म मिलापत्र होस् भन्ने हेतुले अदालतले यस्ता मुद्दाहरुलाई तत्काल फैसला नगरेर सकेसम्म 'कुलिङ पिरियड'मा राख्ने गरेको ज्ञवालीको भनाइ छ । यसैगरी सम्बन्ध विच्छेद बढ्दै जाने हो भने समाज कता तिर जाला भन्ने चिन्ता थपिएको ज्ञवालीले बताए ।

रूपन्देही सुपरलिगः

# देवदह ९५ रनले विजयी




भैरहवा । देवदह क्रिकेट युनिटले बुटवल-११ क्रिकेट क्लबलाई पराजित गर्दै जित निकालेको छ । भैरहवामा जारी 'रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता' अन्तर्गत डिभिजन 'बी'को शुक्रबारको खेलमा देवदहले ९५ रनको सानदार जित निकालेको हो ।

यहाँस्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको देवदहले निर्धारित ५० ओभरको खेलमा ४८ ओभर ४ बल खेल्दै सबै विकेट गुमाएर १ सय ९१ रनको बलियो योगफल खडा गर्यो । उसका लागि दीपक भण्डारीले नआउट ५६ रनको अर्धशतकीय पारी खेले । यस्तै, अर्जुन रायमाझीले ३१, संकेत भट्टराईले २७ र कृतिमान ढकालले १५ रनको योगदान गरे । बलिङमा बुटवल ११ का दिवेश खातीले ३, सुदन श्रेष्ठ, तौसिफ आलम, मञ्जिल भण्डारी, एजाज अहम्मद र प्रमिश अर्यालले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको बुटवल २७ ओभर २ बलमा ९६ रन बनाउँदा अलआउट भयो । उसलाई सस्तैमा रोक्न बलिङमा देवदहका सुरज खड्काले ९ ओभरमा २ मेर्डनसहित २६ रन खर्चेर ५ विकेट हात पारे । यस्तै, अर्जुन रायमाझीले ३ र रोशन गौतमले २ विकेट हात पारे । बुटवलका प्रमिश अर्यालले ४२, बिशाल भुसालले २४ र विभेष खातीले १६ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिमले हार व्यहोर्यो । खेलमा देवदहका सुरज खड्का प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ ।

# परासी खानेपानी संस्थाको अधिवेशन



**गौरीशंकर जयसवाल**

*परासी*

परासी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको वार्षिकसभा तथा अधिवेशन सुरु भएको छ । कार्यक्रममा रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले बोल्दै नगरवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने नगरपालिकाले खानेपानीको पाइपलाइन बिस्तार गरी बजेट विनियोजन गरी खानेपानी वितरण गरिएको बताए ।

उनले नगरभित्र खानेपानी ट्याङ्की बनेको तर सञ्चालन नआएको हुँदा ट्याङ्कीलाई सञ्चालन गरी नगरवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने बताए । नगरपालिकाले १ न. वडादेखि १८ वडासम्म शुद्ध खानेपानी पुर्याउने लक्ष्य साथ आगाडि बढेको उनले जनाए । नगरपालिकाले यस ६० देखि ७० लाख खानेपानी क्षेत्रमा बजेट बिनियोजन गरी १ वडादेखि १८ वडासम्म नगरवासी शुद्ध खानेपानी पुर्याउने लक्ष्य साथ आगाडि बढेको बताए ।

साधारणसभामा सचिव र कोषध्यक्षको प्रतिवेदन प्रस्तुत गरिएको थियो । बिसं. २०३९ सालमा सुरु भएको आयोजना २०४२ सालमा आयोजना सम्पन्न भएको थियो ।

खानेपानी चार सय ५० घनमिटर क्षमता रहेको र रामग्राम नगरपालिका वडा नं. ६ मा तीन थान बोरिड र एक थान ओभरहेड ट्याङ्की निर्माण गरेको छ । संस्थाले नगरको वडान १,२,३,४,५,६,१० र १२ एक हजार आठ सय सत्तरी धारामार्फत् खानेपानी वितरण गर्दै आएको छ । संस्थाले खानेपानीको महासुल ४९ लाख महासुल बक्यौता उठाउन बाँकी रहेको संस्थाले जानएको छ ।

परासी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सातौं वार्षिकसभा तथा अधिवेशन उपभोक्ताको सदस्यको कोर्म नपुगी स्थगित भएको छ भने मंसिर ३ गते फेरि संस्थाको सातौं वार्षिकसभा तथा अधिवेशन तोकिएको छ ।

# अटो इञ्जिनियरिङको योजना कार्यशाला गोष्ठी



पाल्पा । बुटवल अटो इञ्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीको नीति तथा कार्यक्रम तर्जुमा कार्यशाला गोष्ठी सुरु भएको छ ।

गोष्ठीमा बोल्दै बुटवल अटो इञ्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले नेपालकै नमुना अटो भिलेजको रुपमा बुटवल २ मैनाबगरमा रहेको बताउँदै कार्यसमितिले गर्ने कार्यहरुको बारेमा जानकारी गराएका थिए । उनले अटो व्यवसायीलाई सवल बनाउँदै दक्ष जनशक्ति निर्माणदेखि व्यवसाय प्रवर्द्धन, भौतिक अवस्था सुधारलगायतको योजना सुनाएका थिए ।

कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष प्रेमबहादुर गोदारले नयाँ कार्यसमितिले संस्थागत विकासमा लाग्नुपर्ने सुझाब दिए । उनले प्रशिक्षकले सिकाएका कुरालाई समेट्दै अगाडि बढ्न सुझाब दिए ।

कार्यक्रमका समन्वयकर्ता मनोज भट्टराईले अटो क्षेत्रले गर्नुपर्ने र उठाउनुपर्ने विषयको बारेमा जानकारी गराएका थिए ।

संस्थाका उद्योग उपाध्यक्ष धुर्वराज भुसालको स्वागत तथा महासचिव पुनित पोखरेलको सञ्चालनमा कार्यक्रम भएको हो । पाल्पा तानसेनमा हुने दुई दिने गोष्ठी शनिबारसम्म चल्नेछ । गत भदौ ३१ गतेको १५औं अधिवेशनबाट अध्यक्ष प्रेम गौचनको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सञ्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही





विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com